११.४.२८

# काठमाडौं महानगरपालिका
## नगर सभा
### सत्रौं अधिवेशन
### कार्यसूची

बैठक संख्या: २

अध्यक्षता: प्रमुख श्री बालेन्द्र शाह

सचिव: श्री सरोज गुरागाई

बैठक स्थान: राष्ट्रिय सभागृह

| मिति | समय | कार्यसूची | प्रस्तुतकर्ता |
|---|---|---|---|
| २०८२ असार ३२ | २ बजे | १. काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम उपर छलफल गरी पारित गर्ने । | प्रमुख बालेन्द्र शाह |
| | | २. काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को बजेट तथा कार्यमक्रम उपर छलफल गरी पारित गर्ने । | |
| | | ३. काठमाडौं महानगरपालिका विनियोजन विधेयक, २०८२ उपर छलफल गरी पारित गर्ने । | |
| | | ४. काठमाडौं महानगरपालिका आर्थिक विधेयक, २०८२ उपर छलफल गरी पारित गर्ने । | |
| | | ५. लेखा समितिको आर्थिक वर्ष २०८१।८२ को प्रतिवेदन प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने । | |
| | | ६. विकास तथा सुशासन समितिको आर्थिक वर्ष २०८१।८२ को प्रतिवेदन प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने । | |
| | | ७. न्यायिक समितिको आर्थिक वर्ष २०८१।८२ को प्रतिवेदन प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने । | |
| | | ८. काठमाडौं महानगरपालिका राजश्व विधेयक, २०८२ प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने । | |
| | | ९. काठमाडौं महानगरपालिका सम्पदामैत्री भवन संरक्षण एवम् निर्माण मापदण्ड तथा सहुलियत (कार्यविधि) विधेयक, २०८२, प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने । | |
| | | १०. विविध । | |

# काठमाडौं महानगरपालिका

## नगर सभा

## सत्रौं अधिवेशन

बैठक संख्या २ का निर्णयहरु:

काठमाडौं महानगरपालिका नगर सभाको सत्रौं अधिवेशनको दोश्रो बैठक आज मिति २०८२ असार ३२ गते दिउँसो २:०० बजे निर्धारित कार्यसूचीको विषयमा प्रमुखको सभाध्यक्षतामा बैठक बस्यो । नगर सभाका कुल १६२ जना सदस्य मध्ये १५७ जना सदस्यहरु उपस्थित भई बागमती प्रदेश गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ५ बमोजिम नगर सभा सञ्चालन गर्न आवश्यक गणपुरक संख्या पुगेकोले सभाध्यक्षको बैठक कक्षमा उपस्थिति भएपश्चात बैठकमा उपस्थित सबै सदस्यहरु उठी राष्ट्रिय गानमा सरिक भै बैठक प्रारम्भ भयो । सभाध्यक्षबाट बैठकको कार्यसूची सभामा प्रस्तुत गरी निम्नानुसार निर्णय गरियो ।

१. आजको बैठकको कार्यसूचीको क्र.स. १, २, ३ र ४ मा क्रमशः निर्धारित आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम, आर्थिक वर्ष २०८२।८३ को बजेट तथा कार्यक्रम, विनियोजन विधेयक, २०८२ र आर्थिक विधेयक, २०८२ उपर छलफल गरी पारित गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरियो ।

(क) मिति २०८२ असार २९ गते बसेको नगर सभाको सत्रौं अधिवेशनको पहिलो बैठकमा प्रस्तुत भएको आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम, आर्थिक वर्ष २०८२।८३ को बजेट तथा कार्यक्रम, आर्थिक विधेयक, २०८२ र विनियोजन विधेयक, २०८२ उपर बोल्न चाहने नगर सभाका सदस्यहरुलाई नाम टिपाउन सभाध्यक्षबाट समय उपलब्ध गराउँदा निर्धारित समयभित्र नगर सभाका सदस्यहरु श्री हर्क बहादुर खाती-वडा सदस्य १६, श्री अनिता कार्की ढोली-कार्यपालिका सदस्य, श्री रोजिना श्रेष्ठ-वडा अध्यक्ष १६, श्री रञ्जिता परियार-वडा सदस्य १९, श्री उज्वल अर्याल- वडा सदस्य ७, श्री टेकराज अधिकारी-वडा सदस्य ९, श्री सन्तोष ढुंगेल-वडा सदस्य २९, श्री आशा श्रेष्ठ रौनियार-वडा सदस्य ११, श्री सृष्टि कंसाकार तुलाधर -वडा सदस्य २७, श्री मनोज कुमार डंगोल-वडा सदस्य ३०, श्री कल्पना सुन्दास -वडा सदस्य ७, श्री रचना शर्मा-वडा सदस्य १८, श्री चन्द्रमान तुलाधर-वडा सदस्य २२, श्री रत्नकाजी बज्राचार्य -वडा सदस्य २४, श्री रुपा थापा क्षेत्री -वडा सदस्य ७, श्री सर्मिला परियार -वडा सदस्य ३, श्री महेश नेपाली-कार्यपालिका सदस्य, श्री गायत्री पुडासैनी -वडा सदस्य ६, श्री बालकृष्ण महर्जन-वडाध्यक्ष १२, श्री मचाराजा महर्जन-वडाध्यक्ष २३, श्री विमल कुमार होडा-वडाध्यक्ष ७, श्री प्रेम थापा-वडाध्यक्ष ३, र श्री सुमन श्रेष्ठ-वडाध्यक्ष १४ समेतबाट सभामा पेश भएको आगामी आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम, आर्थिक वर्ष २०८२।८३ को बजेट तथा कार्यक्रम, आर्थिक विधेयक, २०८२ र विनियोजन विधेयक, २०८२ लगायत आजको कार्यसूचीमा रहेका अन्य विषयहरु समेतमा परिमार्जन तथा थपघट गर्नुपर्ने सम्बन्धमा आफ्नो भनाई राख्ने कार्य भयो ।

(ख) आजको बैठकको कार्यसूचीको क्रमसंख्या १ मा रहेको आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम उपर छलफल गरी पारित गर्ने सम्बन्धमा सभाका सदस्यहरुले प्रस्तुत गर्नु भएको संशोधन प्रस्ताव तथा विषयवस्तुलाई समेत यथासम्भव समेटी आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम स्वीकृत गर्न सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा बैठकबाट ध्वनीमतले सर्वसम्मत स्वीकृत भयो ।

(ग) आजको बैठकको कार्यसूचीको क्रमसंख्या २ मा रहेको आर्थिक वर्ष २०८२।८३ को बजेट तथा कार्यक्रम उपर छलफल गरी पारित गर्ने सम्बन्धमा सभाका सदस्यहरुले प्रस्तुत गर्नु भएको संशोधन प्रस्ताव तथा विषयवस्तुलाई समेत यथासम्भव समेटी नीति तथा कार्यक्रमको आधारमा तयार गरिएको आर्थिक वर्ष २०८२।८३ को बजेट तथा कार्यक्रम संशोधन सहित स्वीकृत गर्न सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा बैठकबाट सर्वसम्मत ध्वनीमतले स्वीकृत भयो ।

(घ) आजको बैठकको कार्यसूचीको क्रमसंख्या ३ मा रहेको विनियोजन विधेयक, २०८२ उपर छलफल गरी पारित गर्ने सम्बन्धमा सभाका सदस्यहरुले प्रस्तुत गर्नु भएको संशोधन प्रस्ताव तथा विषयवस्तुलाई समेत यथासम्भव समेटी विनियोजन विधेयक, २०८२ स्वीकृत गर्न सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा बैठकबाट ध्वनीमतले सर्वसम्मत स्वीकृत भयो ।

(ङ) आजको बैठकको कार्यसूचीको क्रमसंख्या ४ मा रहेको आर्थिक विधेयक, २०८२ उपर छलफल गरी पारित गर्ने सम्बन्धमा सभाका सदस्यहरुले प्रस्तुत गर्नु भएको संशोधन प्रस्ताव तथा विषयवस्तुलाई समेत यथासम्भव समेटी आर्थिक विधेयक, २०८२ स्वीकृत गर्न सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा बैठकबाट ध्वनीमतले सर्वसम्मत स्वीकृत भयो ।

आजको बैठकको कार्यसूचीका क्रमसंख्या ५ मा रहेको लेखा समितिको आर्थिक वर्ष २०८१।८२ को प्रतिवेदन प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने सम्बन्धमा सभाध्यक्षबाट समय उपलब्ध गराए पश्चात महानगरपालिका लेखा समितिका संयोजक श्री गायत्री पुडासैनीले सभामा पेश गर्नु भएको लेखा समितिको आर्थिक वर्ष २०८१।८२ को प्रतिवेदन ध्वनीमतले सर्वसम्मत पारित भयो ।

आजको बैठकको कार्यसूचीका क्रमसंख्या ६ मा रहेको विकास तथा सुशासन समितिको आर्थिक वर्ष २०८१।८२ को प्रतिवेदन प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने सम्बन्धमा सभाध्यक्षबाट समय उपलब्ध गराए पश्चात महानगरपालिका विकास तथा सुशासन समितिका संयोजक श्री सृजना भेटवालले सभामा पेश गर्नु भएको विकास तथा सुशासन समितिको आर्थिक वर्ष २०८१।८२ को प्रतिवेदन ध्वनीमतले सर्वसम्मत पारित भयो ।

आजको बैठकको कार्यसूचीका क्रमसंख्या ७ मा रहेको न्यायिक समितिको आर्थिक वर्ष २०८१।८२ को प्रतिवेदन प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने सम्बन्धमा सभाध्यक्षबाट समय उपलब्ध गराए पश्चात महानगरपालिका न्यायिक समितिका सदस्य श्री आशा श्रेष्ठ रौनियारले सभामा पेश गर्नु भएको न्यायिक समितिको आर्थिक वर्ष २०८१।८२ को प्रतिवेदन ध्वनीमतले सर्वसम्मत पारित भयो ।

आजको बैठकको कार्यसूचीको क्रमसंख्या ८ मा रहेको काठमाडौं महानगरपालिका राजश्व विधेयक, २०८२ प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने सम्बन्धमा सभाध्यक्षबाट समय उपलब्ध गराएपश्चात नगर कार्यपालिका अन्तर्गतको विधायन समितिका संयोजक श्री मचाराजा महर्जनबाट उक्त विधेयक सभामा वाचन गरी प्रस्तुत गरियो । सभाको बैठकमा सदस्यहरुले प्रस्तुत गर्नु भएको संशोधन प्रस्ताव तथा विषयवस्तुलाई समेत यथासम्भव समेटी काठमाडौं महानगरपालिका राजश्व विधेयक, २०८२ संशोधन सहित स्वीकृत गर्न सभाध्यक्षबाट निर्णयार्थ पेश गर्दा बैठकबाट ध्वनीमतले सर्वसम्मत स्वीकृत भयो ।